# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## इस्मा गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## इस्मा गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## इस्मा गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ५२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

इस्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

इस्मा रजस्थल, गुल्मी।

१. **कैफियत सहितको राय** — हामीले यस इस्मा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. ३ करोड ५१ लाख ५९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३१ लाख ८० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. १५ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ८१ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु. २ करोड १३ लाख ४६ हजार र पेश्की बाँकी रु. ९ लाख ३२ हजार समेत रु. ३ करोड १९ लाख ७९ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रु. ७ करोड २२ लाख ३६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. १० करोड १९ लाख ८९ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । यस पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

इस्मा गाउँपालिका,

गुल्मी,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | ४२ | ३५१५९ | ० | १३ | ३१८० | ७६ | २९ | ३१९७९ | १५२६ | २१३४६ | ८१७५ | ० | ० | २९५२१ | ९३२ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ७२२३६ | ० | २२२६ | ७००१० | ० | ३१९७९ | १०१९८९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | | | |
| १ | २०७९।८० | १०.५ | राजस्व दाखिला | ३२,६९०।- |
| २ | २०७९।८० | २९ | लामाटारी-रातोपोखरा सडक ग्राभेल | ८,८१,३१३।- |
| ३ | २०७९।८० | ३० | छाप वुम खानेपानी | ३,९७८।- |
| ४ | २०७९।८० | ४१ | बढी भुक्तानी | ४५,५००।- |
| ५ | २०७९।८० | ४३.१ | बढी भुक्तानी | १२,३१८।- |
| ६ | २०७९।८० | ४३.२ | कट्टी नगरेको | ८७,१८२।१३ |
| ७ | २०७९।८० | ४४ | नन्फाइलर | १३,४४,६९३।- |
| ८ | २०७९।८० | ४७ | भ्रमण खर्च बढी भुक्तानी | ४,९००।- |
| ९ | २०७९।८० | ५७.३ | सामाजिक सुरक्षाः लगत कट्टा | ५३,२८८।- |
| १० | २०७९।८० | ६२.१ | शिक्षकको तलब भत्ता निकासा | ४२,३५०।- |
| ११ | २०७९।८० | ६२.२ | शिक्षकको तलब भत्ता निकासा | २४,०६४।- |
| १२ | २०७९।८० | ६४.३ | दिवा खाजा | १,५५,०५५।- |
| १३ | २०७९।८० | ६५.२ | सेनीटरी प्याड खरीद | ४१९,८५१।- |
| १४ | २०७९।८० | ६८.१ | पाठ्यपुस्तक वितरण | ४२,६८५।- |
| १५ | २०७९।८० | ६९ | शिक्षण सिकाई सामाग्री अनुदान | ३०,०००।- |
| | **चालु वर्षको जम्मा** | | | **३,१७९,८६७।१३** |
| | **गत विगत वर्षतर्फको** | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | २०७८।७९ | ३४.४ | कर विजक वेगर भुक्तानी | २२,२५,६४८।- |
| | **गत विगतको जम्मा** | | | **२२,२५,६४८।-** |
| **कुल जम्मा** | | | | **५४,०५,५१५।१३** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२६ देखि २०८०।०६।०१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ४२११३०७७८।४५, राजश्वतर्फ रु. ६४४७५४२।९०, धरौटीतर्फ रु. ३५९६३०२।४५, गरी जम्मा रु. ७१६५९९९२४।७३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**( (छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५८१५५९३।०८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | संघिय अनुदान फिर्ता | २०००.०८ |
| २ | प्रदेश अनुदान फिर्ता | १३०६५९६.१ |

| | | |
|---|---|---|
| ३ | समपुरक खर्च सशर्तबाट बढी खर्च | ३३२६२५६.९७ |
| ४ | एक गाउँ एक प्राविधिक र स्वास्थ्य सेवा तर्फ बढि खर्च | ११८०७४० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२,००,५०,२३१।- गरिब संग विशेश्वर कार्यक्रमको रु. ६,११,०००।-, र १५ शैया अस्पतालको रु. २,४७,९७,८४१।२० समेत गरी रु. १४,५४,५९,०७२।२० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३१५३३९६८।६२ , यस वर्षको प्राप्ति रु. १३२४६१२३८।४४,यस वर्षको भुक्तानी रु. ७२२८८८१८।०३ र बैङ्क मौज्दात रु. १८१६४८९५।७९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १२,६५,७४,२३४।६२ | ४१,०२,५५,८५७।९६ | ४७,०४,२८,२७८.३७ | ६,८०,८१,८१४।२१ |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | ९५०४०२६६।- | ५४२७१७०९६।४ | ५४२७१७०९६।४० | ८६२४६७१०।- |
| फरक | ३१५३३९६८।६२ | १३२४६१२३८।४४ | ७२२८८८१८।०३ | १८१६४८९५।७९ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.९,३४,३०,५०५।-मौज्दात रहेकोमा यो वर्ष रु. ९,५०,४०,२६६।-जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१६,०९,७६१।-बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| संचित कोष | ६५३१६००६।३९ | ६६९८८०५०।५६ | १६७२०४४।१७ |
| विविध कोष खाता | ३३५५२७४।३४ | ३३५५२७४।३४ | - |
| आकस्मिक कोष खाता | ३५९१७८।६० | ३५९१७८।६० | - |
| पूँजीगत खाता | ९१७४६८५।१३ | ९१७४६८५।१३ | - |
| धरौटी खाता | ८५४९५३५।५४ | ८५४९५३५।५४ | - |
| चालू खाता | २१४७५२२०।- | २१४७५२२०।- | - |
| प्रकोप व्यवस्थापन कोष | ४३७०३२२।०३ | ४३७०३२२।-०३ | - |
| विविध खर्च खाता | २६२४३४९।- | २६२४३४९।- | - |
| **जम्मा** | | | १६७२०४४।१७ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३ बजेट तथा कार्यक्रम

३.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९/०३/०७ मा रु. ४९ करोड ५१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।०७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १०७८१८ | ४७ | २७०६ | २८९७० | ७६०९५ | ६०६७३ |
| प्रतिशत | १०० | ०.०४ | २.५० | २६.८७ | ७०.५७ | ५६.२७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१०,७८,१८,०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४७,०००।-(०.०४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२७,०६,०००।- (२.५ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. २,८९,७०,०००।- (२६.८७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६,०६,७३,०००।- (५६.२७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.६ **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ३५१ | १ | ० | ० | ३५० |

| सैद्धान्तिक बेरुजु |
|---|

३.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिकवजेट** | **खर्चरकम** | **कुलखर्चमध्येप्रतिशत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आर्थिकविकास | २६३६२००० | १६७१५७३९.२३ | ३.९७ |
| सामाजिकविकास | २५४१२७४०० | २२६७३४९९४.२ | ५३.८४ |
| पूर्वाधारविकास | १२८०३५८१९ | ९३१३२४२१.४१ | २२.११ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १७६००००० | १५११८५८१.८६ | ३.५९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८६९००००० | ६९४२९०४१.७७ | १६.४९ |
| **जम्मा** | **५१३०२५२१९** | **४२११३०७७८** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिकविकासमा सबैभन्दा बढी ५३.८४ प्रतिशत र आर्थिकविकासमा सबै भन्दा घटीमा ३.९७ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

३.८ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ६४४७५४२।९० राजस्व बाँडफाँड र अनुदानबाट रु. ४०१३६४३२०।९० समेत रु. ४०७८११८६४।३० आम्दानी भएकोमा चालु तर्फ रु. ३१३३१२२४४।९२ र पूँजिगत तर्फ रु. १०७८१८५३३।५३ समेत रु. ४२११३०७७८.४५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८५२२०००।-खर्च भएको छ जुन आन्तरिक आयको १३२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.४ प्रतिशत चालु र २५.६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | १७२ | ६८ | ६५ | २७ | १९ | ३५१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा रकम | १३४३०००० | ११५९०००० | २४५०५६९३ | २२९१९४०२ | ८०४७०१९० | १५२९१५२८५ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार लाख देखि १० लाखभन्दा बढीको जम्मा ३५१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १७२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापनतर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको खरिद व्यवस्थापन तर्फ

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बेरुजु लगतः**

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

- म. ले. प. फाराम ८०१ — बेरुजु लगत
- म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
- म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
- म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
- म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेकोले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

**म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः**

- म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
- म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको
- म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
- म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको
- म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,
- म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको
- म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण सम्म पनि फर्स्यौट भएको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियत फर्स्यौट गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | - |

| | |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ९९१ |
| मृत्युदर्ता | २७९ |
| बसाईसराई दर्ता | ८३ |
| विवाह दर्ता | ३०५ |
| सम्बन्धविच्छेद दर्ता | ३१ |
| पूर्वाधार विकास सडक निर्माण | - |
| कालोपत्रे सडक निर्माण | - |
| कालोपत्रे सडक मर्मत | - |
| ग्राभेल सडक निर्माण | १.५ कि.मि. |
| ग्राभेल सडक मर्मत | ५ कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । तत् सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । अत्यावश्यक कार्यहरू यसरी रिक्त हुँदा कार्यसम्पादनमा असरपर्ने हुँदा पदहरुको पदपूर्ति गर्नुपर्दछ

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ४ | २ |

सैद्धान्तिक बेरुजु

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको

संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० कर दस्तुर एवं आन्तरिक आय

१०.१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६८,१५,०००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ६४,४७,५४२।-अर्थात अनुमान भन्दा ९४.६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१०.२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०७५२३१११.८९ | ६४,४७,५४२।- | २% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१०.३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भूमिकर/ मालपोत | ६००००० | १६९७६२.३५ | २८.२९ |
| घरजग्गा वहाल कर | १००००० | १०९०८७ | १०९.०९ |
| व्यवसाय कर दर्ता | ३००००० | २४७७५० | ८२.५८ |
| वहाल विटौरी शुल्क | ० | ० | ०.०० |
| सिफारिस दस्तुर | १०००००० | ९२०९०१ | ९२.०९ |

| | | | |
|---|---|---|---|
| व्यवसाय कर नविकरण | ५००००० | १६७०९६ | ३३.४२ |
| जडीबुटी कवाडी र जीवजन्तु कर | ५०००० | ६९३९० | १३८.७८ |
| अन्य सेवा बिक्री | ० | ० | ०.०० |
| न्यायिक दस्तुर | १५००० | ९१० | ६.०७ |
| बेरुजु दाखिला | १००००० | १२२०९१ | १२२.०९ |
| ब्यक्तिगत घटना दर्ता | ५०००० | ३१२७०० | ६२५.४० |
| नाता प्रमाणित | २००००० | १७७६०० | ८८.८० |
| अन्य दस्तुर | १००००० | ११०११७८.५५ | ११०१.१८ |
| प्रशासनिक दण्ड जरिवाना र जफत | ५०००० | ७२७७० | १४५.५४ |
| अन्य राजश्व | ५०००० | १२०० | २.४० |
| अन्य सेवा शुल्क बिक्री गिटी ढुँगा बालुवा | ३५००००० | ० | ०.०० |
| परीक्षा दस्तुर | १००००० | ८६७०० | ८६.७० |
| बोलपत्र बिक्री | १००००० | | ०.०० |
| ब्यक्तिगत अनुदान | | १७३४५६० | ०.०० |
| **जम्मा** | **६८१५०००** | **६४४७५२४.९** | **९४.६१** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.४ **स्थानीय तहरूको विभाज्य कोष –** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथि असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.५ **राजस्व दाखिला**

*५.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ३२,६९०।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०.६ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०.७ **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०.८ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १६७०९६।-कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ११ संगठन तथा कर्मचारी व्यवस्थापन

११.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११.२ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक विभिन्न पदमा ४९ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता, चाडपर्व खर्च र पोशाक खर्च वापत रु. १०३९६०११।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०३,९६,०११ |

११.३ **कर्मचारी प्रोत्साहन भत्ता -**कार्यसंचालन निर्देशिका, २०७७ परिच्छेद ७.१.४ बमोजिम नियमित काम बाहेक विशेष कामका लागि अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराइएको हुनु पर्ने र सोको प्रयोजनका लागि विद्युतीय हाजिर प्रणाली अनिवार्य रुपमा लागु भएको हुनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले अतिरिक्त समयमा गरिने विशेष काम र सोको नतिजा प्रमाणित नगराई अतिरिक्त समय मात्रै प्रमाणित गराएको तथा सम्पूर्ण समयावधिको विद्युतीय हाजिर प्रणालीमा रेकर्ड नभएको देखियो । पालिकाले कार्यविधी बनाई अतिरिक्त समय प्रोत्साहन भत्ता वापत रु. ११५९२००।- खर्च लेखेको जनाएको भएतापनी पालिकाको आन्तरिक आम्दानी न्युन रहेको अवस्थामा खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १२ कानून निर्माण एवं कार्यान्वयन

१२.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, ६ वटा नियमावली, ६ कार्यविधि, १ निर्देशिका लगायत ७८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१२.२ **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३७ र यो बर्ष थप भएको ९ गरी कुल ४६ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई ३८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १३ आर्थिक सहायता र अन्य विविध खर्च

१३.१ **आर्थिक सहायता —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ७४३०००।-आर्थिक सहायता वितरण गरेका छन् । यस्तो आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.२ **खाना तथा विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २४५९६४९।-खर्च गरेको छ । पालिकाको आन्तरीक आम्दानी न्युन रहेको अवस्थामा यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८५,२२,०००।-सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ४ जना | सभाका सदस्य..... जना -१८ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | - | - | - | - | - | २२९६००० |
| २ | यातायात खर्च | ० | १४४००० | ८४०००० | २८८००० | ६४८००० | १९२०००० |
| ३ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २५२००० | १४४००० | ४३२००० | ९०६००० |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ४८००० | ४८००० | २५२००० | १४४००० | ४३२००० | ९२४००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ५०४००० | २४०००० | ६४८००० | १६०८००० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | ३३६००० | - | - | ४६८००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | - | - | - | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ४०००० | १२६००० | २८०००० |
| | जम्मा | | | | | | ८५२२००० |

सैद्धान्तिक बेरुजु

१५ **सम्पत्ति हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु. २०६७०००।-कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

१८ **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १. | आइ ई ई | अस्त्र ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ५००००० | ४५४०७२ |

| | | | | |
|---|---|---|---|---|
| २. | आइ ई ई | बारबरा ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि. | ५००००० | ४२५०२० |
| ३. | स्वास्थ्य सफ्टवयर | टुना टेक्नोलोजी प्रालि | २००००० | १६३४३५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

१९ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२० **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । सो सम्वन्धमा सुधार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२१ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

सैद्धान्तिक बेरुजु

२२ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा

वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०७८१८५३३.५३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **ठेक्का व्यवस्थापन**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने व्यवस्था रहेको छ । बिभागबाट चालु आ.ब.मा ठेक्का बन्दोबस्त गरेको बिबरण देहाय बमोजिम रहेको छः—

| **विवरण** | **ठेक्का संख्या** | | | | | **कुल सम्झौता संख्या** |
|---|---|---|---|---|---|---|
| | **प्रथमत्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथोत्रैमासिक** | **असार महिना** | |
| ठेक्का तर्फ | ० | ९ | ६ | ३४ | | ४९ |
| उपभोक्ता समिति तर्फ | | १०३ | ११० | ९१ | | ३०४ |

उल्लेखित विवरणमा चौथो त्रेमासिकमा समेत समेत सम्झौता भएको देखियो । अतः पालिकाले समयमै निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२४ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्षको लागि आवश्यक विभिन्न औषधी तथा सर्जिकल सामानको लागि चार वटा फर्महरुबाट दरभाउपत्र माग गरी सोको आधारमा मात्र रु.१४७४८२६।-को लागत अनुमान तयार गरी खरीद गरेको पाईयो । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

२४.१ पालिकाले रु.१४७४८२६।-को लागत अनुमान तयार गरेकोमा २०७८।८।७ मा शिलवन्दि दरभाउपत्र सूचना प्रकाशन गरेकोमा चार फर्मको वोलपत्र परेको पाईयो । पालिकाले प्राप्त वोलपत्र मध्ये कम कवोल फर्म समुन्द्र मेडिको फर्मासँग रु.

५७४६३७।९४ मा २०७९।१२।२० सम्ममा आपूर्त गर्ने गरी २०७९।९।२० मा सम्झौता गरेको पाइयो । पालिकाले सम्झौता अनुसारको सामाग्री २०७९।११।४ मा आपूर्ति गरेको जनाई गो.भौ.१०६।०७९।१२।२२ बाट रु.५७४६३७।९४ भुक्तानी समेत दिएको छ । औषधीहरु २०७९।११।१० मा जिन्सी दाखिला भएकोमा २०७९।१२।१६ मा मात्र औषधीको गुणस्तर परीक्षण गरेको जनाई प्राविधिक प्रतिवेदन पेश गरेको छ । यसरी प्राविधिकबाट गुणस्तर परीक्षण प्रतिवेदन पेश हुनुपूर्व नै सामान जिन्सी दाखिला गर्नुले गुणस्तर परीक्षण केवल औपचारीकतामा सिमित देखिन्छ । सो तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४.२ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४.३ सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले खरिद कार्यलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनिय बनाउन लागत अनुमान तथा खरीद प्रकृयाका विभिन्न प्रावधानको व्यवस्था गरेको छ । पालिकाले शिलवन्दि दरभाउपत्र मार्फत खरीद गरेपश्चात वचत रकमबाट पटक पटक गरी शशर्त वजेटबाट रु.८९६४८७।७६ तथा पालिका वजेटबाट समेत खर्च गरेको छ । पालिकाले बार्षिक विनियोजन वजेट (शशर्त तथा गा.पा. चालु) बाट आवश्यक औषधी तथा अन्य औषधीजन्य सामानको एकमुष्ठ रुपमा लागत अनुमान तयार गरी खरीद प्रकृया सुरुवात गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । जसले गर्दा खरीद प्रकृया तथा लागत अनुमान समेत यथार्थपरक छ भनि आश्वस्त हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

## २५ पाम्सको प्रयोग

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा

लागू गरेको छ । पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फ खरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **मूलेडाँडा ट्रष्ट निर्माण**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको कार्यसम्पादन पश्चातको भुक्तानी गर्दा उपभोक्ता समितिहरूले खरीद गरेको सामाग्रीहरुको परीमाण वरावरको खपत भएको छ कि छैन, नर्मस अनुसारको सामान खरीद भएको छ कि छैन सोको समेत मूल्याङ्कन गर्नुपर्नेमा प्राविधिक विलको आधारमा मात्रै भुक्तानी दिएको पाईयो । पालिकाले ट्रस निर्माणको लागि मूलेडाँडा टोल विकास समितिसँग रु.५११९०३।२३ (पालिका योगदान सोको ९०% रहने) सम्झौता गरेकोमा रु.५११९०३।२३ को मूल्याङ्कन पेश भई गो.भौ.२८५।०८०।३।२० बाट रु.४६००००।—भुक्तानी भएको देखिन्छ । समितिले पेश गरेको विल र कार्यसम्पन्न प्रतिवेदन परिक्षण गर्दा नर्मस अनुसार हुने खपत तथा खरीद सामाग्रीको परीमाण भन्दा कार्यसम्पन्नमा सिमेण्ट रु.१२२८९।-घटी परीमाणको खपत देखाएको छ । यसरी घटी खपत देखाएको रकम वरावरको रकमबाट पालिकाको योगदान हुने रकम रु.११०६०।-सम्वन्धितबाट असूल हुने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०६० |

२७ **जनता आवास कार्यक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) अनुसार बील वा वीजकको भुक्तानी गर्दा प्राविधिक नापचाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्न सक्ने उल्लेख छ । आर्थिक वर्षको अन्त्यमा पालिकाले जनता आवास कार्यक्रम अन्तर्गत खर्च हुनेगरी न्यू शैलजा कमर्सियल सेण्टरबाट ४६ वण्डल जस्ता खरीद गरी गो.भौ.२८७।०८०।३।२१ बाट रु.६९५९३८।-भुक्तानि दिएको तथा २०८०।३।१७ मा जिन्सी दाखिला गरी मौज्दात राखेको पाईयो । सो आर्थिक बर्षमा कुन कुन वडाको के कति जनाको घर निर्माणको लागि सो खरीद गरेको हो पालिकाले सो खुलाएको छैन। यसरी निर्धारीत योजना बिना सोझै खरीद गरेको सो सामाग्रीको निर्माण आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९५,९३८ |

२८ **भुँडिफोरा कपनटारी-जैनिवारी मो.बा निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । स्थानिय सरकार संचालन ऐन, २०७४ ले पालिकास्तरमा हुने योजनाहरुको अनुगमन तोकिएको समितिबाट हुने र सोको सिफारीसको आधारमा भुक्तानी हुने उल्लेख छ । पालिकाले रु.९९७०११।७४ को लागत अनुमान रहेको भुँडिफोरा कपनटारी जैनियाबारी मोटरबाटो तथा सिंचाई निर्माण (११२० मी. मो.बा.र २४ मि.कूलो निर्माण) को

लागि दरभाउपत्रको माध्यमबाट २०८०।३।१५ सम्म कार्यसम्पन्न गर्नेगरी स्टार विन्दवासिनी कंन्सट्रक्सन प्रा.ली.सँग २०८०।२।७ मा सम्झौता गरेको पाईयो । फर्मले सो कार्य २०८०।३।१३ मा सम्पन्न गरेको जनाई पालिकाले गो.भौ.३१६।०८०।३।२४ बाट रु.९८५८७९।५१ भुक्तानी गरेको छ । पालिकाले बर्षान्तमा दरभाउपत्रको माध्यमबाट कार्य गराएकोमा पालिकाको अनुगमन समितिले अनुगमन नगरी भुक्तानी दिएको छ जसले गर्दा सो कार्य समयमा सम्पन्न भएको छ भनि आश्वस्तहुन नसकिएको, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८५,८७९ |

२९ **लामाटारी-रातोपोखरा सडक ग्राभेल**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ८,८१,३१३।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३० **छाप वुम खानेपानी**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ३,९७८।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **सुरक्षित नागरीक आवास**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न विभिन्न वडामा छनौंट भएका १३८ मध्ये विभिन्न १२६ जना व्यक्तिहरुसँग सम्झौता गरी प्रथम किस्ता वापत रु- ३७८००००।— भुक्तानी गरेकोमा १११ जना लाभग्राहीले मात्र दोस्रो किस्ता वापत भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरेकोले १५ जना लाभग्राहीले दोस्रो किस्ता वापतको रकम लिन नआएकोले प्रथम किस्ता वापत रु.४५००००।— अनुदान उपलव्ध गराएकोमा बाँकी रहेको किस्ता भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरी प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

३४ **जिन्सी सामाग्री मौज्दात**

सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यक्ता पहिचान गरेर सोही आधारमा जिन्सी सामान खरिद गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले गो.भौ.नं १५०।२०७९।१२।२६ बाट जयराम हार्डवेयर सेन्टर, रेसुङ्गाबाट एल्बो, निप्पल, सकेट लगायतका सामाग्रीहरु रु.१७८८११२।—बराबरको र बिभिन्न साइजको ३९५० मिटर HDPE पाइप रू. २०४४७३।५०गरी कुल रकम रू.१९९२५८५।५०खरिद गरी यो आर्थिक बर्षसम्म मौज्दात रहेको छ । खरिद गरिएको पाइप तथा फिटिङ्ग सामाग्रीहरु सम्बन्धित खानेपानी योजनाहरुमा जडान गरेको कार्य सम्पन्न प्राविधिक प्रतिबेदन पेश हुनुपर्ने रकम रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,९२,५८५ |

३५ **तोक आदेश खर्च**

स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) मा स्थानीय तहले बजेट तथा कार्यक्रम बनाउँदा गाँउसभाबाट पारीत गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले गाँउपालिका पूजींगत बजेटबाट कार्यक्रम यकिन नगरीकन अध्यक्षज्यूको तोक आदेशमा खर्च गर्ने गरी रू.३००००००।-र उपाध्यक्ष ज्यूको तोक आदेशमा खर्च गर्ने गरी रू.२०४६०००।-समेत रू.५०४६०००।-अबण्डा बजेट बिनियोजन गरी क्रमशः रू.२९०९५११।९२ र रू.१७६९९८५।२३ समेत गरी रू.४६७९४९७।१५ भूक्तानी खर्च लेखेको छ । पालिकाले अबण्डा बजेट राखी पदाधिकारीको तोक आदेशमा योजना सञ्चालन गर्दा लागत अनुमान यकिन नहुने र योजना कार्यक्रम समेतमा निष्पक्षता समेत नरहने हुनाले अबण्डा बजेट राखी तोक आदेशको आधारमा खर्च भएको अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ४६,७९,४९७ |

३६ **कार्य सम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपुर्तकले समझौता बमोजिमको कार्य सम्पादन जमानत राखु पर्ने व्यबस्था रहेको छ । पालिकाले देहायको निर्माण कार्यमा सम्झौतामा उल्लेख भए बमोजिम समयावधि सम्मको कार्य सम्पादन जमानत राख्नु पर्नेमा घटी अबधिको राखेकोले सम्झौता बमोजिमको समयावधि सम्मको लागि कार्य सम्पादन जमानत राख्नु पर्दछ ।

| निर्माण व्यबसायीको नाम | जारी गरी बैंक र कार्य सम्पादन रकम | भएको अबधि | हुनु पर्ने अबधि |
|---|---|---|---|
| जोगमाँ विल्डर्स रेसुङ्गा २ नं. वडा कार्यालय निर्माण | प्रभु बैंक तम्घास । रु.१४५०००० | २०८०।११।२१ | २०८१।४।१३ |
| डि कन्ष्ट्रक्शन प्रा.लि. पनाहाखोला शिवालय मन्दिर निर्माण | कृषि विकास बैंक रु.४३०००० | २०८०।११।१० | २०८१।४।१५ |
| ईस्माली देउराली कन्ष्ट्रक्शन मैदान पाहाकटेरी सिएरा मो.बाटो निर्माण | ग्लोबल आईएमई बैंक रु.५७०००० | २०८०।११।१५ | २०८१।१।३० |
| जिसि ब्रोदर्स कन्ष्ट्रक्शन, आम्बोट ठुलाखोला खजुरे सडक निर्माण | मुक्तीनाथ विकास बैंक लि. रु.६४०५०० | २०८०।१२।१२ | २०८१।४।१५ |

सैद्धान्तिक बेरुजु

३७ **विमाको म्याद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा दश लाखरुपैया भन्दा बढी (२०७८।१२।३ भन्दा पहिले ठेक्का सम्झौता भएको ) को निर्माण कार्य गर्दा निर्माण गरीने कामको,मेशिनरी सामान र सामाग्रीको सम्झौतामा उल्लख भए बमोजिम त्रुटी सच्याउने अवधि सम्मको विमा अवधि रहने गरी विमा गराउनु पर्ने व्यबस्था रहेको छ । पालिकाले देहायका निर्माण व्याबसायीले कम अवधिको विमा गरेकोले नियमावलीमा भएको व्यबस्था अनुसार विमा अवधि रहेको पोलिसीको म्याद बढाउनु पर्ने देखिएको ।

| निर्माण व्यावसायीको नाम। ठेक्का नं. | सम्झौता रकम | भएको अवधि | हुनु पर्ने अवधि |
|---|---|---|---|
| जोगमाँ विल्डर्स ठे.नं.०१।०७९।८० | ८०३९०५६।०५ | २०८०।१।२८ | २०८१।३।१३ |
| सुनिल समिर प्रेरणा जेभी ठे.नं.२९।०७७।७८ | १०८५४१७२२।७० | २०८१।३।२ | २०८२।४।२ |
| जि.सी.ब्रोदर्स कन्ष्ट्रक्शन ठे.नं.०६।०७९।८० | ३९२१८६६।९० | विमा नगरेको | त्रुटि सच्याउने अवधि रहेको |
| डि कन्ष्ट्रक्शन प्रा.लि. ठे.नं.०४।०७९।८० | ३५२५३००।- | विमा नगरेको | |
| ईस्माली देउराली कन्ष्ट्रक्शन,पाहा कटेरी सिएर मोटर बाटो निर्माण | ३१९०१९२।- | २०८०।७।३० | २०८१।१।३० |

| | | | |
|---|---|---|---|
| जिसि ब्रोदर्स कन्ष्ट्रक्शन, आम्बोट ठूला खोला मोटर बाटो निर्माण | २९९६०१०।- | विमा नगरेको | त्रुटि सच्याउने अवधि रहेको |

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **स्थानिय नदिजन्य पदार्थको आय**

बाताबरण संरक्षण एन २०७६ र बाताबरण संरक्षण नियमावली २०७७ को नियम ३ अनुसुची २ मा खानी क्षेत्र अन्तर्गत नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटर सम्म बालुवा ,गिट्टी , गिर्खा ,माटो निकाल्ने प्रस्तावको लागि प्रारम्भिक बाताबरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान रहेको छ । प्राकृतिक श्रोतहरुको उपयोग गर्दा बाताबरणमा पर्न सक्ने अनुकुल प्रभावलाई बढोत्तिकरण गर्ने तथा प्रतिकुल प्रभावहरुलाई निरोधात्मक तथा उपचारात्मक प्रभाव न्युनिकरण विधिहरु अपनाएर न्यूनिकरण गर्न वा हटाउन वा कार्यको बाताबरणीय अनुगमन गर्नको लागि पालिकाले यस अर्थिक बर्षमा विभिन्न ९ वटा स्थलको प्रारम्भिक बाताबरणिय परीक्षण गरी बालुवा ,गिट्टी , गिर्खा ,माटो निकाल्ने प्रस्तावको लागि प्रारम्भिक बाताबरणीय परीक्षण तयार गरी १३२१६ घनमिटर नदिजन्य पदार्थबाट रु. २८००२५९।— न्यूनतम राजस्व संकलन गर्न सकिने प्रतिवेदन पेश भएको भएता पनि यो बर्ष पालिकाबाट कुनै ठेक्का नलागेकोले उत्खनन गर्न सकिने भनिएका निर्माण सामाग्री बालुवा ,गिट्टी , गिर्खा ,माटो आदि चोरी निकासी हुने सम्भावना रहेकोले पालिकाले उत्खनन हुन सक्ने स्थानको निगरानी राख्नु पर्ने देखिन्छ । साथै पालिका आफैले स्रोत साधन र जनशक्ती परीचालन गरेर भए पनि आन्तरिक आयलाई बढाउनु पर्ने कुरामा पालिकाको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रू.९०२०।७० असुल नगरेकोले सो रकम असूल गरी राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| **क्र.सं.** | **व्यवसायी** | **पालिकाले न्यूनतम कायम गरेको रकम** | **कबोल रकम** | **मू.अ.कर** |
|---|---|---|---|---|
| १ | किरण राजभण्डारी | ५६५००।- | ६९३९०।४७ | ९०२०।७० |

| असुल गर्नुपर्ने | ९,०२० |
|---|---|

४० **सामुदायिक ग्रामिण विद्युतीकरण**

पालिकाले ग्रामिण विद्युत कार्यक्रम अन्तर्गत हात्तीचौर सामुदायिक ग्रामिण विद्युतीकरण उपभोक्ता समिति इश्मा-२ सँग विद्युतीकरण कार्यक्रममा ४५० थान स्टील पोल विस्तार तथा जडान निर्माण कार्यको लागि संस्थाको रू.१३९००१८।८९ रहने गरी रू.१३९००१८८।९४ को लागत अनुमान तयार गरी पालिका र हस्तीचौर सामुदायिक विद्युतीकरण उपभोक्ता समुहबीच २०७९।०९।१८ गते सम्झौता गरी रू.१३९००१८।८९ भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १२३(१) मा निर्माण कार्यको कार्य सम्पन्न पश्चात प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उक्त विद्युतीकरण कार्यको निर्माण गर्नको लागि नेपाल विद्युत प्राधिकरणले बोलपत्र सूचना आह्वान गरी घटी कबोल गर्ने सुष्मा एण्ड श्रृष्टी निर्माण सेवा प्रा.लि विरबास गुल्मीसँग मिति २०७९।१२।०६ मा रू.१०५५०४७१।-(मु.अ.कर.समेत) को सम्झौता गरेकोमा उक्त निर्माण कम्पनीले रू.१०५५०४७१।- मा निर्माण कार्य सम्पन्न गरेको कार्यसम्पन्न प्राविधिक प्रतिबेदन तयार गरी पेश गरेको छ ।

कार्य सम्पन्न प्रतिबेदन अनुसार हस्तीचौर ग्रामिण विद्युतीकरण संस्थाले व्यहोर्ने रकम रू.१०५५०४७।१० पालिकाबाट खर्च लेख्नुपर्नेमा रू.१३९००१८।८९ भुक्तानी खर्च लेखेकोले बढी भुक्तानी भएको रू.३३४९७१।७९ हस्तीचौर सामुदायिक ग्रामिण विद्युतीकरण उपभोक्ता समितिमा असुल हुनुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३४,९७१ |

४१ **बढी भुक्तानी**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ४५,५००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **औद्योगिक ग्राम निर्माण**

स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) मा गाँउपालिकाले बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवन स्तर, आम्दानी र रोजगारी बढ्ने र स्थानीय सहभागिता जुट्ने योजनामा माग बजेट बिनियोजन गरी योजना सञ्चालन गर्नुपर्नेमा पालिकाले इस्मा गा.पा वार्ड नं ३ ठाढुङ्गा रातापोखरीमा औद्योगिक ग्राम निर्माणको लागि रू.३१ करोड ५८ लाख ५३ हजारको गुरु योजना तयार गरी आ.ब २०७८/७९ मा रू.४४९२९४०।-र यस आ.ब मा रू.७०२१६७१।२५ को लागत अनुमान तयार गरी घटी कबोल गर्ने निर्माण व्यवसायी जिसी ब्रदर्श कन्स्ट्रक्सन प्रा.लिसँग मिति २०७९।१२।२३ मा रू.३९२१८६६।९० को सम्झौता गरी रू.३६६५२७४।०६ को कार्य सम्पन्न गरी यस आर्थिक बर्ष सम्म रू.८१५८२१४।-भुक्तानी खर्च लेखेकोमा पालिकाबाट सञ्चालन गरीएको योजनाहरु सञ्चालन गर्दा दिर्घकालिन रुपमा आर्थिक स्थायित्व रहने र आर्थिक वृद्धि हुने खालका योजना सञ्चालन गर्नुपर्नेमा पालिकाले निर्माण गर्न लागेको औद्योगिक ग्रामको वातावरणीय प्रभाव मूल्याङ्कन IEE समेत गरेको पाइएन । IEE नभएकोले वातावरणीय दृष्टीकोणले उक्त ग्राम निर्माण गर्न उपयुक्त गर्न थियो वा थिएन यकिन गर्न सकिएन । ठूलो लागत आवश्यक पर्ने योजना सञ्चालनमा लगानी गरेकोले बजेटको सुनिश्चतता समेत नहुने भएकाले पालिकाबाट हालसम्म भएको लगानीबाट प्रतिफल प्राप्त नहुने सम्भावना रहने भएकोले बजेट सुनिश्चितता गरी शुरुवात गरिएका योजनाको निर्माण कार्य सम्पन्न गर्ने साथै स्थानीय जनताको जीवनस्तरमा परिवर्तन आउने र आर्थिक वृद्धि हुने खालको योजनाहरुमा लगानी गर्न तर्फ पालिकाको ध्यान जानु आवश्यक छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **वडा नं २ कार्यालय भवन निर्माण**

पालिकाले २ नं वडा कार्यालय भवन निर्माणको लागि रू.१३९९०४११।२८ को लागत अनुमान तयार गरी सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी जोगमाँ बिल्डर्स सँग २०८०।०१।२८ भित्र निर्माण कार्य सक्ने गरी मिति २०७९।०८।२१

मा रू.९२३४१३३।-को सम्झौता गरी २०८०।०३।१४ मा निर्माण सम्पन्न गरी रू.९२२१८१४।५१ मा भुक्तानी खर्च लेखेको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् ।

४३.१ **बढी भुक्तानी**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १२,३१८।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३.२ **कट्टी नगरेकोः** आयकर ऐन, २०५८ को दफा ८९ मा तोकिएको दरमा अग्रिम कर कट्टी गर्नुपर्ने र सार्वजनिक खरिदन नियमावली, २०६४ को १२३(४) मा बिजक रकमको भुक्तानी गर्दा रिटेन्सन मनी कट्टा गर्नुपर्ने र आर्थिक ऐन अनुसार ३० प्रतिशत मु.अ.कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । प्रथम रनिङ बिल बापत रू.१९६९१८६/२६ भुक्तानी गर्दा देहायबमोजिम कट्टा गर्नुपर्ने रकम कट्टा नगरेकोले असुल हुनुपर्ने रकम रू.

| **क्र.सं** | **विवरण** | **विल रकम (VAT बाहेक)** | **कट्टी गर्नुपर्ने** |
|---|---|---|---|
| १ | अग्रिम कर | १७४२६४२।७१ | २६१३९।६४ |
| २ | मूल्य अभिवृद्धि कर | २२६५४३।५५ | ६७९६३।- |
| **जम्मा** | | | **९४,१०२.६४** |

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ८७,१८२।१३ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,१०२.६४ |

४४ **नन्फाइलर**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १३,४४,६९३।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **प्राविधिक बील र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न

भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **बढी पेश्की भुक्तानी**

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १९३ म पेश्की भुक्तानी र फछ्यौट गर्ने सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले ठे.नं. २९-२०७७/७८ Construction of १५ Bed Hospital Building at नियम ११३ बम Isma Rural Municipality स्वास्थ्य भवन निर्माणको लागि निर्माण व्यवसायी सुनिल समिर प्रेरा जे भी. विच २०७८ ।०३।०६ मा १०८५४१७२२।७३ (भ्याट समेत) को संझौता भएको छ । उक्त सम्झौताको GCC ७१.१ तथा उक्त सर्तको SCC मा निर्माण व्यवसायीलाई दुई किस्तामा पेश्की भुक्तानी हुने व्यवस्था गरेको छ । पहिलो किस्ता ७.५ प्रतिशत र दोस्रो किस्ता १० प्रतिशत कार्य भए पश्चात ७.५ प्रतिशत पेश्की दिन सकिने व्यवस्था रहेको छ। गत आ व २०७८।७९ को म.ले.प. प्रतिवेदनमा समेत औल्याएको पहिलो किस्ता पेश्की रु ८१०००००।०० भुक्तानी गर्दा संझौता रकम रु ९५५७२३२१ ।००( भ्याट र पि एस वाहेक) को दरले वढी भुक्तानी भएको रु ९३२०७५।०० समेत अशुल फछ्यौट नगरी दोस्रो किस्तामा समेत सोही रकम रु ८१०००००।०० पेश्की भुक्तानी गरेको पाईयो । यसरी दोस्रो किस्ता भुक्तानी गर्दा समेत रु ९३२०७५।०० रकम संझौता भन्दा वढी रकम पेश्की भुक्तानी भएकोले कार्यालयले पेश्की भुक्तानी सम्बन्धि सर्तको पालना तथा फछ्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ९,३२,०७५ |

४७ **भ्रमण खर्च बढी भुक्तानी**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को अनुसूची क(१२) मा वडा अध्यक्षको दैनिक भ्रमण भत्ता रु.१५००।— निर्धारण गरिएकोमा देहाय बमोजिमका पदाधिकारीहरूको दैनिक भ्रमण भत्ता वापत रु.१६००।— भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम निजबाट असुल गर्नपर्ने रु.

| सि.नं. | पदाधिकारीको नाम | भ्रमणको मिति | दिन | बढी भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|
| १ | शेर बहादुर कुंवर | २०७९।११।१० - ११।१४ | ५ | ४२५ | २२५० |
| | | २०७९।११।२६ - ११।३० | ५ | ४२५ | |
| | | २०७९।१२।१३ - १२।१५ | ३ | २२५ | |
| | | २०८०।२।२ - २।५ | ४ | ३२५ | |
| | | २०७९।१०।२३ - १०।२७ | ५ | ४२५ | |
| | | २०८०।०१।१९ - १।२३ | ५ | ४२५ | |
| २ | लोकनाथ आचार्य | २०७९।४।९ - ४।१५ | ७ | ६२५ | २६२५ |
| | | २०७९।७।२८ - ८।२ | ५ | ४२५ | |
| | | २०७९।८।२१ - ८।२६ | ६ | ५२५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २०७९।१०।११ - १०।१६ | ६ | ५२५ | |
| | | २०७९।११।१२ - ११।१६ | ६ | ५२५ | |
| | | २०७९।५।२० - ५।२२ | ३ | ३२५ | |
| | | २०७९।९।७ - ९।११ | ५ | ४२५ | |
| | | २०८०।१।२६ - १।३० | ९ | ८२५ | |
| | | २ दिनको बढी भुक्तानी | २ | ३००० | |
| ३ | राजु बस्नेत | २०७९।०३।२६ - ३।३० | ५ | ४२५ | १६०० |
| | | २०७९।१०।१० - १०।१३ | ४ | ३२५ | |
| | | २०८०।१।१५ - १।१८ | ५ | ४२५ | |
| | | २०८०।१।२७ - १।३१ | ५ | ४२५ | |
| ४ | झविन्द्र अर्याल | २०७९।९।२५ - ९।३० | ६ | ५२५ | १८२५ |
| | | २०७९।११।८ - ११।१२ | ५ | ४२५ | |
| | | २०७९।१२।१२ - १२।१६ | ५ | ४२५ | |
| | | २०८०।१।१७ - १।१९ | ३ | ३२५ | |
| | | २०८०।३।१ - ३।३ | ३ | ३२५ | |
| ५ | ढाल बहादुर कुँवर | २०७९।४।५ - ४।९ | ५ | ४२५ | २७७५ |
| | | २०७९।५।५ - ५।८ | ५ | ४२५ | |
| | | २०७९।६।१६ - ६।१८ | ३ | ३२५ | |
| | | २०७९।८।४ - ८।७ | ४ | ३२५ | |
| | | २०७९।९।१५ - ९।२० | ६ | ५२५ | |
| | | २०८०।१।८ - १।८ | ४ | ३२५ | |
| | | २०८०।२।१ - २।६ | ६ | ५२५ | |
| **जम्मा** | | | | | **११०७५** |

*५..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ४,९००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०७५ |

४८ **भाडाको सवारी साधनको मर्मत**

पालिका र गाडीधनी सुन्दर बहादुर बस्नेत वीच मासिक रुपमा रु.८८०००/-भुक्तान गर्ने गरी सम्झौता भएको, भाडामा लिइएको गाडीमा इन्धन कार्यालयले व्यहोर्ने र गाडीको मर्मत लगायत सबै खर्च गाडीधनीले गर्नुपर्ने भनिएकोमा लु.३.प २९७७ नं गाडीमा विभिन्न मितिमा सवारी साधन मर्मत वापत रकम भुक्तानी भएको र सवारी चालकको मासिक रुपमा खाना समेत कार्यालयले भूक्तान गर्दै आएकोले सो अनियमित देखिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **अनुगमन भत्ता**

लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसारको भौचर नं. र मितिमा अनुगमन भत्ता वापत खर्च लेखेको रकम रु. ७,०४,०००।—ऐनको उक्त प्रावधान विपरित भएकोले अनियमित देखिएको रु.

| **गो.भौ.नं.।मिति** | **व्यहोरा** | **रकम** |
|---|---|---|
| २९१।२०७९।१२।२३ | पालिकास्तरीय योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता | ७३५०० |
| ३१४।२०७९।१२।२५ | वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता | ५२५०० |
| ४१८।२०८०।०३।०४ | वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता | ७४९०० |
| ४३७।२०८०।०३।०८ | वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता | ७५००० |
| ४५०।२०८०।०३।११ | वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता | १२००० |
| ४५३।२०८०।०३।१३ | वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता | १५००० |
| ४५४।२०८०।०३।१३ | वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन वापत अनुगमन भत्ता | २७००० |
| **जम्मा** | | **३२९९००** |

| | |
|---|---|
| अनियमित भएको | ३,२९,९०० |

५० **अनुगमन मूल्यांकन खर्च**

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी र सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले

गो.भौ.नं १२५।२०७९।०९।१७ बाट उपभोक्ता हित संरक्षण समितिका पदाधिकारी तथा कर्मचारीहरुले बजार अनुमगन गरे वापत गाडी भाडा, खाजा नास्ता, अनुगमन तथा बैठक भत्ता वापत रु.५३२७०/-खर्च लेखेको छ ।ऐनले तोकेको सुविधाभन्दा बढी भुक्तानी खर्च लेखेको अनियमित देखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ५३,२७० |

५१ **वितरणको भरपाई**

वितरणको भरपाईः पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको मितिमा खरिद गरेको सामाग्रीहरूको वितरण गरेको भरपाई नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| **गो.भौ.नं।मिति** | **बजेट उपशीर्षक** | **कार्यक्रम** | **विवरण** | **संख्या** | **दर** | **रकम** |
|---|---|---|---|---|---|---|
| ५०४।२०८०।०३।२० | गा.पा.चालु | दलित लक्षित कार्यक्रम | कापी- १०० नं. छपाई | १२८ | ११००.६२ | १४०८७९ |
| ५०५।२०८०।०३।२० | गा.पा.चालु | जनजाति लक्षित कार्यक्रम | कापी- ६० नं. छपाई | २१३ | ६५९.९२ | १४०५६२ |
| ५६६।२०८०।०३।२४ | गा.पा.चालु | कुमाल लक्षित कार्यक्रम | कापी- १०० नं. छपाई | ८८ | ११००.६२ | ९६८५४ |
| ७।२०८०।०३।२४ | कृषि पशु पूंजीगत | साना किसान कृषि सामाग्री अनुदान | कर्न सेलर मेशिन खरिद | १४ | १६००० | २२४००० |
| **जम्मा** | | | | | | **६०२२९५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०२,२९५ |

५२ **निःशुल्क एम्बुलेन्स तथा औषधी खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न गर्नपर्ने व्यवस्था रहेको छ ।पालिकाले स्वास्थ्य चालुतर्फको गो.भौ.नं ८।२०७९।१।३० र २०।२०८०।०३।१० बाट बिरामीको कुनै पनि विवरण वा डाक्टरको रेफर विना पालिका अध्यक्ष वा उपाध्यक्षको तोक आदेशमा देहाय बमोजिमको रकम खर्च लेखेकोले अनियमित देखिएको, रु.

| **क्र.सं** | **विवरण** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | रेफर खर्च | ४४९००/- | डाक्टरको रेफरको विवरण नरहेको |
| २ | आर्थिक सहायता | ४१०००/- | प्रमाण कागजात संलग्न नरहेको |

| | |
|---|---|
| अनियमित भएको | ८५,९०० |

५३ **संचार खर्च**

ईश्मा गाँउपालिकाको कार्य संचालन निर्देशिका, २०७९ मा प्रमुख प्रशासकिय अधिकृतको संचार खर्च मासिक रु.१५००/-मा नबढ्ने गरी र अरु कर्मचारीको हकमा प्रमुख प्रशासकिय अधिकृतले तोके बमोजिम हुने व्यवस्था रहेको छ ।पालिकाको गो.भौ.नं २७३।२०७९।१२।२० मा IT Officer श्री बाबुलाल थापाले २०७९।४।१ देखि २०७९।१२।२५ सम्म रु.२२५००/- भुक्तानी लिएको र यस सम्बन्धमा पालिकाको कुनै प्रकारको निर्णय संलग्न नदेखिएकोले संचार सुविधा पाउने आधार कागजात पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,५०० |

५४ **मूल्य कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ अनुसार कार्यालयले निमार्ण व्यवसायी तथा फर्महरुको धरौटी फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर समायोजन गरेको आधारमा धरौटी फिर्ता गर्नुपर्दछ । पालिकाले निम्न व्यवसायीहरुको धरौटी फिर्ता गर्दा कर समायोजन पत्र विना रु.२०५१२५/-फिर्ता गरेको छ । यसरी फिर्ता गरेकोमा सो रकमको कर समायोजन पत्र पेश हुनुपर्ने रकम रु.

| गो.भौ.नं/मिति | विवरण | फर्मको नाम | मूल्य | कैफियत |
|---|---|---|---|---|
| २ | काउछे, रोदीटार सिंचाई योजना, वडा नं ५ | तालेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि | ४७६१३ | |
| ६ | एक घर एक धारा (वडा स्तरीय खानेपानी बडा नं ३) | जि.सी. ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि | ४८००० | प्राविधिक शाखाको सिफारिस समेत नभएको |
| ९ | आनन्दपुर मा.बि को ३ कोठे भवनमा आल्मुनियम, विद्युतीकरण, प्लास्टर लगायतका कार्य गरे बापत | जय माँ कालिका निर्माण सेवा | ३५६६३ | |
| १० | सरस्वती नि.मा.बि चौरासी, अमरपुर बहुउद्देश्यीय सामुदायिक भवन अमरपुर | जोग माँ बिल्डर्स | ५२५०० | क.से.कार्यालय गुल्मीले जारी गरेको मू.अ.कर समायोजन पत्रसँग भिडान नभएको |
| २२ | काउछे,राताखोला,फेदीफाँट ठाडेढुङ्गा सडक | एच.के.कन्स्क्ट्रक्सन कम्पनी प्रा.लि | २१३५२ | |
| **जम्मा** | | | **२०५१२८** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०५,१२८ |

## ५५ बिल भरपाई अपुग

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको गोश्वारा भौचरबाट रकम भूक्तानी गर्दा तपशील बमोजिमको अपुग रकम असुल गरी राजश्व खातामा जम्मा गर्नुपर्ने रकम रु.

| क.सं | गो.भौ.नं/मिति | भुक्तानी पाउने | भुक्तानी रकम | बिल रकम | अपुग रकम |
|---|---|---|---|---|---|
| १ | ८७।२०७९।०८।२० | विष्णु प्रसाद घिमिरे | ५२७५०/- | ३५२८५/ | १७५६५/- |
| २ | १७७।२०७९।१०।१७ | अधिकारी होटल | ४८०६००/- | ४७०५०/- | १००५०/- |
| **जम्मा** | | | | | **२७६१५/-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,६१५ |

## ५६ शीर्षक फरक पारी खर्च

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले अनियमित भएको रु.

| गो.भौ. | खर्चको विवरण | हुनुपर्ने खर्च शिर्षक | भएको खर्च शिर्षक | रकम |
|---|---|---|---|---|
| २९९ | फागुन महिनाको गा.पा. करार कर्मचारीको तलव भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | ५३३७९६ |
| ३११ | फागुन महिनाको कृषि तथा पशु सेवाको करार कर्मचारीको तलव भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | १७५६९६ |
| ३६० | चैत्र महिनाको कृषि तथा पशु सेवाको करार कर्मचारीको तलव भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | १७४७०९ |
| ४७२ | खानेपानी मर्मतकर्ताको माघ महिनाको तलब भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | २३००० |
| ४७४ | खानेपानी मर्मतकर्ताको वैशाख महिनाको तलब भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | २३००० |
| ४७६ | खानेपानी मर्मतकर्ताको फागुन महिनाको तलब भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | २३००० |

| | | | | |
|---|---|---|---|---|
| ४७८ | खानेपानी मर्मतकर्ताको पौष महिनाको तलब भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | ७५०० |
| ४८० | खानेपानी मर्मतकर्ताको असार महिनाको तलब भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | २३००० |
| ४८२ | खानेपानी मर्मतकर्ताको जेठ महिनाको तलब भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | २३००० |
| ४८४ | खानेपानी मर्मतकर्ताको चैत्र महिनाको तलब भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | २३००० |
| ५१६ | असार महिनाको कृषि तथा पशु सेवाको करार कर्मचारीको तलव भुक्तानी | करार सेवा शुल्क (२२४१३) | पारिश्रमिक (२११११) | १६४५१० |
| **जम्मा** | | | | **११९४२११** |

| | |
|---|---|
| अनियमित भएको | ११,९४,२११ |

५७ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन् :

५७.१ **भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको ब्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिला गर्न पहिलो त्रैमासिकको भत्ता २०७९।०६।०३ गते, दोस्रो त्रैमासिकको भत्ता २०७९।०९।०६ गते, तेस्रो त्रैमासिकको भत्ता २०७८।११।३० गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०७९।०३।२२ गते बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७.२ **हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले

विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । सम्झौता कार्यान्वयनमा जिम्मेवार हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७.३ **लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको नमुना छनौटको आधारमा वडा नं. २ र ५ को लगत कट्टा र निकासाको विवरण भिडान गर्दा देहायका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिमा समेत बैंक मार्फत निकासा गएको हुँदा सो रकम फिर्ता भई संघिय संचित कोषमा फिर्ता पठाएको वा असूल प्रमाण पेश हुने, रु.

| **समुह** | **लाभग्राहीको नाम** | **वडा नं.** | **लगत कट्टा मिति** | **भुक्तानी हुनुपर्ने** | **भुक्तानी भएको** | **बढी** |
|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | गम्भीरे कामी | ५ | २०७९।०५।१२ | ५६०० | १२००० | ६४०० |
| अन्य जेष्ठ नागरिक भत्ता | धोम बहादुर जोगी कुँवर | ५ | २०७९।०५।२६ | ७४६७ | १२००० | ४५३३ |
| अन्य जेष्ठ नागरिक भत्ता | डम्मर बहादुर घर्ती | ५ | २०७९।०६।२० | १०६६७ | १२००० | १३३३ |
| अन्य जेष्ठ नागरिक भत्ता | पुनाराम खत्री | ५ | २०७९।०८।२४ | ७४६७ | १२००० | ४५३३ |
| अन्य जेष्ठ नागरिक भत्ता | दुजमान कामी | ५ | २०७९।०९।१८ | १०४०० | १२००० | १६०० |
| अन्य जेष्ठ नागरिक भत्ता | तेज बहादुर ज्ञवाली | ५ | २०७९।०९।२९ | ० | २४००० | २४००० |
| अन्य जेष्ठ नागरिक भत्ता | लाल बहादुर विष्ट | ५ | २०७९।१०।११ | १४६७ | २४००० | २२५३३ |
| अन्य जेष्ठ नागरिक भत्ता | वलिराम ज्ञवाली | ५ | २०७९।११।०९ | ५२०० | २४००० | १८८०० |
| अन्य जेष्ठ नागरिक भत्ता | तोय बहादुर महत | ५ | २०८०।०१।०५ | ६६७ | १२००० | ११३३३ |
| अन्य जेष्ठ नागरिक भत्ता | वोम बहादुर दर्जी | ५ | २०८०।०३।१२ | ९६०० | १२००० | २४०० |
| जेष्ठ नागरिक भत्ता (दलित) | नर बहादुर सार्की | ५ | २०८०।०२।२१ | ४५२२ | ७९८० | ३४५८ |
| **जम्मा** | | | | **६३०५७** | **१६३९८०** | **१००९२३** |

*✂........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ५३,२८८।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,९२३ |

## ५८ वन पैदावार आय असूल नभएको

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५९ तलवी भरपाई

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको त्रैमासिकको तलवी भरपाई, संचयकोष कट्टा दाखिला एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टा दाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिका अन्तर्गतका अधिकांश विद्यालयहरुले पूर्ण रुपमा सोको कार्यान्वयन गरेतापनि केहिले पालना गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६० पालिका वजेटबाट शिक्षकको तलब भत्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका र विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षक विद्यार्थि अनुपात वेगर तथा दरवन्दि मिलान वेगर पालिकाले ८९ जना अन्य शिक्षकको नाममा कूल रु.२८५३९०२।-तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत दरबन्दी भित्र नपरेका तथा शिक्षक विद्यार्थि अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थि रहेको विद्यालयमा अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | २८,५३,९०२ |

## ६१ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरु (वालविकास सहित) मा २९८ जना शिक्षक दरवन्दी रहेको र सोहि अनुसारको पदपूर्ति भएको देखियो । पालिका अन्तर्गतका विद्यालयहरुमा कूल ५३४३ जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:१८ र देहायका न्युन विद्यार्थि रहेका विद्यालयमा मात्रै प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:१८.१ देखिन्छ । यसरि विद्यार्थिहरुको संख्या नगण्य रहेको अवस्थामा समेत पालिकाले पुनः

आन्तरीक वजेटबाट निजि शिक्षकको लागि समेत अनुदान दिने गरेको पाईयो । पालिकाबाट पेश भएको विवरण अनुसार देहायका विद्यालयमा औसत अनुपात भन्दा बढी संख्यामा शिक्षक दरवन्दी देखिन्छ भने विद्यालय निरीक्षणको अवधिमा एक विद्यालयबाट अर्को विद्यालयको दुरी न्यून देखिन्छ । अत; विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी विद्यालयहरुको मर्जर प्रकृयाको थालनि गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | विधालयको नाम | पदपूर्ति | विधार्थी संख्या | अनुपात |
|---|---|---|---|---|
| १ | श्री हिमालय मा.वि. —१ | १९ | ४०५ | २१.३ |
| | श्री हिमालय मा.वि. प्रा.धार | १० | ४२ | ४.२ |
| २ | श्री जनज्योती नि.मा.वि—१ | २ | ८२ | ४१.० |
| ३ | श्री जालपा प्रा.वि.—१ | ३ | ६ | २.० |
| ४ | श्री सुनभद्र प्रा.वि.—१ | ४ | ५७ | १४.३ |
| ५ | श्री जुकेपानी प्रा.वि.—१ | २ | २७ | १३.५ |
| ६ | श्री रातचौर प्रा.वि.गुर्वा—१ | १ | १७ | १७.० |
| ११ | श्री वेदादी प्रा.वि.—२ | २ | ५५ | २७.५ |
| १२ | श्री जनता प्रा.वि.—२ | १ | ३४ | ३४.० |
| १३ | श्री रातचौर प्रा.वि.—२ | ३ | २८ | ९.३ |
| १६ | श्री देविस्थान नि.मा.वि.—४ | ३ | ७५ | २५.० |
| १८ | श्री ने.रा.आ.वि.—४ | १ | १७ | १७.० |
| २० | श्री मनकामना प्रा.वि.—४ | ३ | ५९ | १९.७ |
| २६ | श्री दर्लामचौर प्रा.वि—३ | ३ | ४१ | १३.७ |
| ३१ | श्री सिद्ध प्रा.वि.—५ | ३ | ७६ | २५.३ |
| ३३ | श्री विद्यादेवी प्रा.वि.—५ | १ | १४ | १४.० |
| ३४ | श्री शिवजी प्रा.वि.—५ | २ | ४७ | २३.५ |
| ३५ | श्री खड्ग प्रा.वि—५ | १ | १४ | १४.० |
| ४० | श्री देविस्थान प्रा.वि.—६ | २ | ५६ | २८.० |
| ४१ | श्री सरस्वती प्रा.वि.—६ | ३ | ८४ | २८.० |

| | | | | |
|---|---|---|---|---|
| ४२ | श्री गहतेरा प्रा.वि.—६ | १ | २८ | २८.० |
| **जम्मा** | | | | **१८.१** |

यसरी न्यून विद्यार्थी रहेका विद्यालयलाई पालीकाले विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जान आवश्यक देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**६२ शिक्षकको तलब भत्ता निकासा**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

६२.१ ***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ४२,३५०।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२.२ ***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. २४,०६४।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

**६३ शिक्षण सहयोग**

६३.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालय | शिक्षक दरवन्दि | शिक्षक अनुदान | अनुदान रकम | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|
| १ | सरस्वति आ.वि. | २ | १ | ३६३६००।- | ७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कालिका आ.वि. | १ | १ | ३३३३००।- | २७ |
| ३ | जनज्योति आ.वि.वडा नं १ | १ | १ | २७२७००।- | १६ |
| ४ | कुमारी आ.वि. | १ | १ | ३६३६००।- | ६३ |
| ५ | पालुका मा.वि. | - | ३ | १०००४२६।- | ९८ |
| ६ | देविस्थान मा.वि. | - | ३ | ९१८६६९।- | ७६ |

सैद्धान्तिक बेरुजु

६३.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । पालिकाले देहाय अनुसारका न्युन विद्यार्थि देखिएको दुई विद्यालयहरुमा थप तिन जना शिक्षकको हुने अनुदान रकम स्विकृति वेगर निकासा दिएको पाईएकोले बढी निकासा रकम रु. असूल हुनुपर्दछ, रु.

| सि.नं | विद्यालय | दिनुपर्ने अनुदान | शिक्षक अनुदान | अनुदान रकम | विद्यार्थि संख्या | बढी अनुदान |
|---|---|---|---|---|---|---|
| १ | पालुका मा.वि. | २ | ३ | १०००४२६।- | ९८ | २१७८१०।- |
| २ | देविस्थान मा.वि. | २ | ३ | ९१८६६९।- | ७६ | ३७९९००।- |
| **जम्मा** | | | | | | **५९७७१०।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९७,७१० |

६४ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ६ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो, तेस्रो र चौथो त्रैमासिक निकासा दिंदा पहिलो त्रैमासिक निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ४७ विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.३४।०७९।९।६ बाट रु. २२५७१२५।—दोस्रो किस्ता गो.भौ.९४।०७९।१२।१६ बाट रु.३४७८१५५।- र तेस्रो किस्ता निकासा गो.भौ.२३५।०८०।३।२० बाट रु.२९२९८३०।-गरी जम्मा रु.८६६५११०।- विद्यालयहरुलाई निकासा दिएको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छ ।

६४.१ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराईस्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी कार्यालयले प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई तिन किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिनेतर्फ पालिकाले ध्यादिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४.३ कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पालिकाले विद्यालयहरुले पेश गरेको विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थिको तथ्याङ्कको आधारमा चौमासिक रुपमा दिवा खाजाको रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थिको तथ्याङ्क भन्दा बढी देहायको विद्यालयहरुलाई निकासा दिएको पाईयो । अतः उक्त रकम असूल गरी दाखिला हुनुपर्दछ, रु

| **सि.नं** | **विद्यालयको नाम** | **निकासा दिनुपर्ने** | **निकासा दिएको** | **बढि निकासा रु.** |
|---|---|---|---|---|
| १ | श्री आनन्दपुर मा.वि | ३१२०४५ | ३४५१२० | ३३०७५ |
| **जम्मा** | | | | **३३०७५।-** |

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. १,५५,०५५।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,०७५ |

६४.४ पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसारको व्यवस्थाको आधारमा रकम निकासा दिनुपर्नेमा देहायका विद्यालयहरुलाई नगद रकम बुझाएको आधारमा समेत दिवा खाजाको रकम निकासा दिएको छ । उल्लेखित विद्यालयहरुको विद्यार्थि हाँजिरी समेत पेश गरेको छैन । विद्यालयहरुले तोकिए अनुसारको दिवा खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा निर्देशिकाको व्यवस्था विपरीत खर्च लेखेको रकमको प्रमाण कागजात समेत पेश हुने, रु.

| सि.नं | विद्यालयको नाम | निकासा दिएको |
|---|---|---|
| १ | श्री अमरपुर ओम मा.वि | ३७१५६५ |
| २ | श्री देवीस्थान मा.वि | ३८०१६० |
| ३ | श्री पालुखा मा.वि | ५७४८४५ |
| ४ | श्री हिमालय मा.वि | ३९७००५ |
| **जम्मा** | | **१७२३५७५।-** |

| प्रमाण पेश नगरेको | १७,२३,५७५ |
|---|---|

६५ **सेनीटरी प्याड खरीद**

६५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालीकाले नियमावलीको व्यवस्था अनुसार २४०mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mm को १५००० सेनीटरी प्याडको लागि लागत अनुमान रु.१२६३०००।-को तयार नगरी शिलवन्दि दरभाउपत्र मार्फत खरीदको लागि २०८०२।१९ मा सूचना प्रकाशन गरेको पाईयो । नियमानुसार परेका तिन फर्महरु मध्ये सवैभन्दा कम कवोल रु.४१९८५१।५० (६६.७६%कम कवोल) जस्मित हाईजिन प्रोडक्ट प्रा.ली.को कवोल रकम स्विकृत गरि २०८०।३।२० सम्ममा आपूर्ति गर्नेगरी २०८०।३।११ मा सम्झौता गरेको छ । पालिकाले सम्झौता अनुसारको सामान प्राप्त भएको जनाई गो.भौ.२२३।०८०।१।१७ बाट रु.४१९८५१।५० भुक्तानी गरेको पाईयो । पालिकाले विद्यार्थिहरुले सम्वन्धित शैक्षिक शत्रमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको चौथों त्रैमासिकमा मात्रै खरीद गरेकोले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री शैक्षिक सत्र सुरु हुँदाको समयमा नै खरीद गरी बर्षभरी नै उपयोग हुनुपर्दछ । अतः पालीकाले लक्षित विद्यार्थीहरुलाई सुविधा उपभोगको वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६५.२ *✗.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ४१९,८५१।- सम्परीक्षण गरिएको ।)*

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६५.३ सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ को दफा ३(४) को अनूसूची १ अनुसार २४०+- २० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mm को साईजको तथा PH Value ६-८-५ को सेनीटरी प्याड खरीद गर्नुपर्ने उल्लेख छ । पालिकाले PH Value ५-५-८ रहेको सेनिटरी प्याडको खरीद गरेकोले उल्लेखित १५००० प्याड नै

कार्यविधीमा उल्लेख भएअनुसारको देखिदैन । अतः कार्यविधीको व्यवस्था अनुसारको सामान खरीद गर्नेपतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **राष्ट्रिय शिक्षा नीतिको पालना**

६६.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६६.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६६.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बरुजु |
|---|

६७ **विद्यालयलाई लाईब्रेरी व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं ९.५ मा विद्यालयलाई लाईब्रेरी व्यवस्थापनको लागि विद्यार्थि संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखि आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००।-निकासा दिने व्यवस्था छ । त्यस्तै स्थानिय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुबाट प्रस्तावको आधारमा विवरण संकलन गर्नुपर्ने व्यवस्था छ । माध्यमिक तहमा अंग्रेजी र विज्ञान बिषय पढाईरहेका, कम्प्युटर ऐच्छिक विषयको रुपमा अध्यापन गराईरहेका एवं शिक्षकले ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव समेत विद्यालयहरुबाट संकलन गरी प्राथमिकिकरणका आधारमा पालिकाबाट विद्यालय छनौट गर्ने उल्लेख छ । यसरी छनौट भएका विद्यालयले आवश्यक सामान खरीद गर्दा नमूना विद्यालय संचालन निर्देशिका, २०७४ र सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा देहायका विद्यालयलाई देहायको प्रयोजनमा निकासा दिएकोमा सो छनौटको स्पष्ट आधार देखिएन । साथै निम्नानुसारको कार्य गर्दा विद्यालयले सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार गरे नगरेको स्पष्ट नभएको र विद्यालय जिन्सी खातामा दाखिला भए नभएको समेत प्रमाण पेश हुन आएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया गरेको प्रमाण, स्पेशिफिकेसन तथा सम्झौता वमोजीमको कार्य भएको अनुगमन समितिको प्रतिवेदन साथै विद्यालयले समेत सार्वजनिक खरीद ऐनको परीधी अनुसार खरीद गरेको साथै पालिकास्तरीय अनुगमन समितिबाट अनुगमनको प्रमाण पेश हुने, रु.

| सि.नं | विद्यालय | विज्ञान प्रयोगशाला | पुस्तकालय व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|
| १ | श्री रामराज्य मा.वि | ६५००००।- | | ६५००००।- |
| २ | श्री देउराली आ.वि | - | ६५००००।- | ६५००००। |
| **जम्मा** | | **६५००००।-** | **६५०००००।-** | **१३०००००।-** |

| प्रमाण पेश नगरेको | १३,००,००० |
|---|---|

६८ **पाठ्यपुस्तक वितरण**

६८.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७९ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिनुपर्नेमा प्रथम किस्ता गो.भौ.१०२।०७९।१२।२१ बाट रु.२२२९३२३।-र पुनः थप निकासा गो.भौ.२३५।०८०।३।२० बाट विभिन्न विद्यालयहरुलाई मागका आधारमा रु.४४७१६७।-निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई IEMIS

मा भएको तथ्याङ्क भन्दा बढि, दिनुपर्ने दररेट भन्दा धेरै तथा भरपाई भन्दा बढि रकम निकासा दिएको पाईएकोले बढि निकासा रकम असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु.

| सि.नं | विद्यालयको नाम | दिनुपर्ने निकासा | निकासा गएको | बढि निकासा | ऐच्छिक बिषयको खर्च |
|---|---|---|---|---|---|
| १ | श्री अमरपुर ओम मा.वि | २६२६८७।- | २७६५७६।- | १३८८९।- | १४९१९।- |
| २ | श्री ठाडढुङ्गा मा.वि | १८९६६६।- | १८९६६६।- | - | ८१९६।- |
| ३ | श्री पालुखा मा.वि | २२८९४४।- | २४०५९६।- | ११६५२।- | १३८६०।- |
| **जम्मा** | | | | **२५५४१।-** | **३६९७५।-** |

*४.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ४२,६८५।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,९७५ |

६८.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । साथै पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको दररेटमा ऐच्छिक पुस्तकको हकमा प्रतिपेजको दररेट तोकेको छ । तर पालिकाले विद्यालयहरुलाई पुस्तकको रकम निकासा दिंदा कुन कुन पुस्तक के कति पेज र मूल्यका थिए सोको अभिलेख बेगर नै देहायका विद्यालयहरुलाई निम्नानुसारको रकम निकासा दिएको छ । सो निकासा सम्वन्धमा यकिन हुन सकिएन, सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालयको नाम | निकासा गएको | ऐच्छिक बिषयको खर्च |
|---|---|---|---|
| १ | श्री अमरपुर ओम मा.वि | २७६५७६।- | १४९१९।- |
| २ | श्री ठाडढुङ्गा मा.वि | १८९६६६।- | ८१९६।- |
| ३ | श्री रामराज्य मा.वि | ३८६४००।- | १७२१०।- |
| ४ | श्री पालुखा मा.वि | २४०५९६।- | १३८६०।- |
| ५ | श्री देविस्थान मा.वि | २०८९४१।- | ८५७१।- |
| ६ | श्री हिमालय मा.वि | २०७५३०।- | ७४७८।- |
| ७ | श्री आनन्दपुर मा.वि | १९०४५४।- | ९४२६।- |
| **जम्मा** | | | **७९६६०।-** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६९ **शिक्षण सिकाई सामाग्री अनुदान**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. ३०,०००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

७०.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका १४ वटा कार्यक्रम सञ्चालन गरी १५९ जनालाई र औषतमा ५० दिन मात्र रोजगारी उपलव्ध गराई प्रशासनिकमा रु.१६२११८६।५० र श्रमिक ज्यालामा रु.४५८७१५०।—गरी जम्मा रु.६२०८३३६।५० खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर देहायका वडाहरुमा उल्लेखित योजनाहरु सम्पन्न गरेको जनाएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ ।

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | रोजगारी संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | १ | झरना-गुर्वाफाट-हर्पुकोट-मो बा मर्मत तथा सिँचाइ कुलो मर्मत | ९ | २५९६५० |
| २ | | सुपादेउराली मन्दिर प्रसाद व्यवस्थापन स्थल तथा पदमार्ग निर्माण | ६ | १७३१०० |
| ३ | | कालठुटा- मल्दी-निस्ति मो बा मर्मत | ९ | २५९६५० |
| ४ | २ | स्याला - रातचौर-देविस्थान मा वि घो बा मर्मत तथा निर्माण | २० | ५७७००० |
| ५ | | ठुलाखोला - घिमिरे टोल शिवालय मन्दिर घो बा | ७ | २०१९५० |
| ६ | ३ | रामकोट थामको धुरी- ठाढुङ्गा सिडि निर्माण | २७ | ७७८९५० |

| | | | | |
|---|---|---|---|---|
| ७ | ४ | अर्जङ्गकोट सिद्धमन्दिरमा पोखरी र सिढी निर्माण | ९ | २५९६५० |
| ८ | | ठुलाखेत-हाडिखोला मसानघाट प्रतिक्षालय निर्माण | ९ | २५९६५० |
| ९ | | बाँजारुख प्रतिक्षालय निर्माण् | ९ | २५९६५० |
| १० | ५ | दरबार टोल घो बा तथा सिढी निर्माण | १४ | ४०३९०० |
| ११ | | दुवार-कोकलसारे-टारी घो बा | १३ | ३७५०५० |
| १२ | ६ | पौवालीटोल- पानिटार मो बा मर्मत | ११ | ३१७३५० |
| १३ | | राटटारी- सिमबारी घो बा निर्माण | ८ | २३०८०० |
| १४ | | सेरामिक्स - पातनखोला घो बा निर्माण | ८ | २३०८०० |
| **जम्मा** | | | | **४५८७१५०** |

सैद्धान्तिक बेरुजु

७०.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७०.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले तत्सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **आलु पकेट विकास कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद—४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । साथै पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि पहाडमा खाद्यान्न वालीको लागि न्यूनतम २० हेक्टर, आलु तरकारी

वालीको लागि ७ र फलफूलको लागि ७ हेक्टर हुनुपर्ने उल्लेख छ । पालीकालाई यस बर्ष तरकारी आलु विकास कार्यक्रम संचालनको लागि रु.१२०००००।—रकम विनियोजन भएकोमा सो सम्वन्धी विवरण निम्नानुसार छन् ।

७१.१ पालिकाले आलु पकेट विकास कार्यक्रम संचालनको लागि प्रस्ताव मागको सूचना आव्हान गरेको जनाई प्राप्त दुई प्रस्ताव मध्ये मापदण्ड अनुसार पेश हुन आएको संस्था जनाई कार्यपालिकाको २०७९।९।८ को निर्णयबाट पूर्ण विश्वास कृषि सहकारी संस्था लि.वडा नं-२ लाई छनौट गरी कार्यक्रम दिने निर्णय गरेको छ । पालिकाले सोहि अनुसार रु.२४०००००।—को प्रस्ताव मध्ये पचास प्रतिशत कृषक समुहको योगदान रहनेगरी २०७९।१०।४ मा सम्झौता गरेको र गो.भौ. २४९।०८०।३।२१ बाट रु.१२०००००।—भुक्तानी समेत दिएको पाईयो । पालिकाले पर्याप्त समय दिई पुनः प्रस्ताव माग नगरेको कारण सूचना अभावको कारण कृषकहरु सो सेवाबाट वञ्चित हुनु परेको अवस्था देखियो, अतः समयमा र पर्याप्त समय दिई सूचना प्रकासन गरी प्राप्त प्रस्तावबाट छनौट गरी कार्यक्रम संचालन हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७१.२ आलु पकेट विकास कार्यक्रम संचालनको निर्देशिका अनुसार उल्लेखित ७ हेक्टर जमिनको मापदण्ड पुगेको कृषक समुहलाई मात्रै छनौट गर्नुपर्नेमा पालिकाले पूर्ण विश्वास कृषि सहकारी संस्था लि. ले पेश गरेको निर्देशिकाले तोकेको मापदण्डको एक तिहाई भन्दा न्युन क्षेत्रफल रहेको तथा खेतिको लागि कित्ता नम्वर समेत नखुलेको जग्गाधनी प्रमाणपूर्जा पेश गरेको आधारमा छनौट गरेको पाईयो । पेश गरेको जग्गाधनी प्रमाणपूर्जा मध्ये अधिकांश कित्ता नम्वर खेतियोग्य नहरेको देखिएकोछ । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत पालिकाले निज संस्थासँग सम्झौता गरी रु.२०७८१४२।—को कार्य भएको जनाई पालिकाले गोःभौ.२४९।०८०।३।२० बाट रु.१२०००००।—भुक्तानी दिएको छ । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत अनुदान दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १२,००,००० |

७१.३ संस्थाले सम्झौता वमोजिमको कार्य सम्पन्न जनाई पेश गरेको कार्यको रु.१६७३०००।—को सामान खरीद गरी मूल्याङ्कन भएकोमा पालिकाको योगदान पचास प्रतिशत र कृषक समुहको सोहि अनुसार रु.८३६०००।—हुने देखिन्छ । पालिकाले सो समुहलाई रु.१२०००००।-भुक्तानी दिएकोले रु.३६३५००।—बढी भुक्तानी भएको छ । यसरी वास्तविक कार्यभन्दा बढि भुक्तानी भएको रकम रु.३६३५००।-सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६३,५०० |

७१.४ संस्थाले सम्झौता वमोजिमको कार्य सम्पन्न जनाई पेश गरेको कागजातमा मिनि टिलर रु.५८०००।—का दरले २३ वटा, स्प्रेयर २० वटा, ईलेक्टिकल वेट मेशिन १० वटा, ट्रिपाल ७० वटा, भेजिटेवल क्यारेट १० वटा, व्हिल व्यारो ५ वटा, स्प्रिङ्कलर लार्ज ५ वटा र स्माल १०० वटा खरीद गरेर भरपाई पेश गरेको छ । तर सो सहकारी संस्थाले सो खरीद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छेन । पालिकाले अनुदान रकमको सहि सदुपयोग र पारदर्शि वितरण सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७२ **उपभोक्ता समितिबाट वडा कार्यालयको भवनको मर्मत तथा स्तरोन्नति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र उपनियम १२ अनुसार उक्त निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार वा अन्य सरकारी निकायले उपभोग गर्ने, हक भोग नहुने र उपभोक्ता समितिलाई आयोजनाको स्वामित्व हस्तान्तरणा नहुने भवन लगायतका अन्य संरचनाहरू उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेको पाइयो । पालिकाले निम्नानुसारको भौचर नम्बरबाट वडा कार्यालयको भवनको मर्मत तथा स्तरोन्नति गर्न त्यसबाट प्रत्यक्ष लाभ प्राप्त नहुने अवस्थामा लाभग्राही समुदायसँग जनश्रमदान सहित सम्झौता एवं कार्य सम्पन्न गरी रु. — भुक्तानी गरेको पाइयो ।यसरी वडा कार्यालयको भवनको मर्मत तथा स्तरोन्नति जस्तो लाभग्राही समुदायले प्रत्यक्ष लाभ लिन नसक्ने विषयमा समेत जनश्रमदान सहित निर्माण कार्य उपभोक्ता समितिबाट गराउनु नियमसंगत नभएको रु.

| गो.भौ. | कामको व्यहोरा | लाभग्राही समुदाय | मूल्यांकन | लागतसहभागिता | भुक्तानी |
|---|---|---|---|---|---|
| ४०६ | ३ नं. वडा कार्यालय भवन मर्मत तथा व्यवस्थापन | टोल विकास संस्था | १५२७२३ | १५४४१ | १३७२८२ |
| ४५५ | ५ नं. वडा कार्यालय भवन मर्मत तथा तारजाली निर्माण | उल्का छत्र टोल विकास समिति | १५०९३२ | १६१९७ | १३४७३४ |
| ४६३ | ४ नं. वडा कार्यालय भवन मर्मत तथा गेट निर्माण | श्री दोहली, मौलीपोखरी अँधेरी टोल विकास समिति | १५२४९० | १६०७३ | १३६४१७ |
| **जम्मा** | | | | | **४०८४३३** |

| | |
|---|---|
| अनियमित भएको | ४,०८,४३३ |

७३ **अमानतबाट निर्माण कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतवाट गराउन सक्ने व्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९८ मा सार्वजनिक निकायले रु. एक लाखसम्मको निर्माण सम्बन्धी कार्य एक तह माथिको स्विकृती लिई गर्न सक्ने व्यवस्था रहेकोमा कार्यालयले पूर्वस्वीकृति वेगर निम्नानुसारका कार्य अमानतबाट गराई रु. १२,००,०००।- भुक्तानी गरेको देखिएको छन । यसबाट खरिदमा प्रतिस्पर्धा नहुने र मितव्ययिता कायम नहुने भएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं.।मिति | विवरण | रकम |
|---|---|---|
| ४२३।२०८०।०३।०४ | वडा नं. ३ अन्तर्गत मथरे ठाडढुङ्गा नाली खन्ने योजना | २००००० |
| ४८६।२०८०।०३।१८ | वडा नं. ६ अन्तर्गत बस्रौटा चोरकाटे कुखुरेखोला जैथुम मोटरबाटो नाली व्यवस्थापन | २००००० |

| | | |
|---|---|---|
| ५००।२०८०।०३।२० | वडा नं. ५ अन्तर्गत तिजुका रुख लिफ्टिङ्ग खानेपानी पाइप खन्ने पुर्ने र वन गाउ रानीफाँट घोरेटो बाटो योजना | २००००० |
| ५२५।२०८०।०३ | वडा नं. १ अन्तर्गत श्री कालठुटा, उजुङ्ग, हे.पो. गुर्वा हर्पुकोट मल्दी ढाड जुकेपानी मोटरबाटो मर्मत | २००००० |
| ५३१।२०८०।०३।२१ | वडा नं. २ झेदी फेदिया सिंदुखा रातडाँडा वेदादी मोटरबाटो | २००००० |
| विभीन्न | वडा नं. ४ विभिन्न मो.बा.मर्मत | |
| **जम्मा** | | **१००००००** |

सैद्धान्तिक बेरुजु

७४ **शुभकामना सन्देश तथा क्यालेण्डर छपाई**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न संघ संस्थाहरूलाई शुभकामना सन्देश तथा क्यालेण्डर छपाई वापतको रकम विभिन्न १५ वटा फर्महरुलाई रु.१३५३५०।-भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७५ **बैठक भत्ता खर्च**

लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ, साथै बुदा न १(ङ) मा बैठकमा सहायक कर्मचारी एक जना र सहयोगी कर्मचारी एक जनाका साथै विशेष सेवा आवश्यक परेको अवस्थामा बढिमा तीन जना आमन्त्रित सदस्यका रुपमा राख्न सकिने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गर्दा सम्बन्धित पदाधिकारीले गर्नुपर्ने काममा र कार्यविधिले तोकेको भन्दा बढी आमन्त्रित राखी भुक्तानी गरेको पाइयो। यसरी निर्देशिकाको उक्त प्रावधान विपरित भत्ता खर्च लेखेकोले अनियमित देखिएको रु.

| **गो.भौ.नं./मिति** | **विवरण** | **समिति सदस्य** | **बैठक संख्या** | **रकम** |
|---|---|---|---|---|
| ३२४।२०७९।१२।२५ | पदपूर्ति समितिको बैठक भत्ता भुक्तानी | ४ | १९ | १४५५०० |
| **जम्मा** | | | | १४५५०० |

| | |
|---|---|
| अनियमित भएको | १,४५,५०० |

७६ **कृतिम गर्भाधान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राखुपर्ने व्यवस्था छ । पालिकाले कृतिम गर्भाधारण मिसन कार्यक्रम अन्तर्गत नाईट्रोजन लगायतका विभिन्न औषधि खरीद गरेको भनि विभिन्न मितिमा र गो.भौ.बाट रु.११३५००।-खर्च देखाएको छ । पालीकाको बार्षिक विवरण परीक्षण गर्दा यस बर्षको कृतिम गर्भाधान सेवा मध्ये भैसि ४८ वटा र गाई १५१ वटामा मात्र सो सेवा उपलव्ध गराएको तथ्याङ्क उपलव्ध गराएको छ । पालिकाले कृषकहरुलाई आर्थिक बर्षभर प्रदान गर्ने सेवामा सुधार हुनुपर्ने तथा तथ्याङ्क अद्यावधिक हुनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७७ **प्रमाण कागजात नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राखुपर्ने व्यवस्था छ । पालिकाले देहायका गो.भौ. र खर्च शिर्षकमा रकम खर्च गरेकोमा सोको प्रमाण संलग्न रहेको पाईएन । अतः सोको प्रमाण कागजात पेश हुने अन्यथा असूल हुने, रु.

| सि.नं | गो.भौ।मिति | खर्च विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ६९।०७९।११।१९ | विऊ अनुदान | ८३२३२।- | खरीद गरी नबाँढेको |
| २ | ३६।०८०।३।२४ | विद्यार्थिको लागि झोला खरीद | ५२५००।- | गा.पा.चालुबाट खरिद गरी वितरण नगरेको |
| **जम्मा** | | | **१३५७३२।-** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,७३२ |

७८ **लघुउद्यम कार्यक्रम**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि यस बर्ष रु.३००००००।-रकम विनियोजन भएकोमा रु.२८५९९८५।-खर्च गरेको पाईयो । पालिकाले यस बर्ष विभिन्न प्राविधिक सिपमूलक तालीम संचालन गरी विभिन्न सहभागिलाई तालीम प्रदान गरि उपकरणहरु समेत वितरण गरेको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

गरीवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार पालिकाले गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पुनः अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरी अनुदानको सहि सदुपयोग गर्नुपर्ने देखिन्छ । पालिकाले यस बर्ष संचालन गरेका देहायका नियमित तालिम तथा निरन्तरताको लागि प्रदान गरेको विभिन्न ५ तालिमको सहभागि ४० जनाको सम्वन्धमा आधिकारीक रुपमा अनुगमन गरेको अवस्था छैन, सो सम्वन्धमा ध्यानदिनु पर्दछ ।

| सि.नं | तालिम | सहभागि संख्या |
|---|---|---|
| १ | मौरीपालन तालिम | १०५ जना |
| २ | जुत्ता चप्पल तालिम | १९ जना |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: इस्मा गाउँपालिका, गुल्मी , इस्मा गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण प्रसाद पन्थी | २०८०-१-३ | २०८०-६-१७ |
| कार्यालय प्रमुख | DINESH SARU | २०८०-७-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | धनीश्वर पौडेल | २०७९-३-६ | २०७९-१२-२६ |
| लेखा प्रमुख | अशोक कुमार खड्का | २०७८-१-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,०१७,६२२.७७ | २१,३४६,६२४ | १०,८६३,२१३ | ० | ० | ९३२,०७५ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३५,१५९,५३४.७७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,१७९,८६७.१३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३१,९७९,६६७.६४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९५०४०२६६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०२७८८७८० | **चालु खर्च** | ३१३३१२२४४ |
| **प्रदेश सरकारबाट अनुदान** | २७५१८१४७ | **पूँजीगत खर्च** | १०७८१८५३३ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | ७१०५७३९३ | **वित्तीय/अन्य व्यवस्था** | २०९२२२४३६ |
| **आन्तरिक आय** | ६४४७५४३.० | | |
| **अन्य आय** | २१३७४७७९४ | | |
| **कुल आय** | ६२१५५९६५७ | **कुल खर्च** | ६३०३५३२१३ |
| **बाँकी मौज्दात** | | ८६२४६७१० | |

**बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण-अनुसूची-३**

एकिकृत वित्तीय विवरण-

| स्थानीय संचित कोष | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **९५०४०२६६** | १ | चालु खर्च | | ३१३३१२२४४.९२ |
| | क. नगद | - | - | २ | पूँजीगत खर्च | | १०७८१८५३३.५३ |
| | ख. संचित कोष मौज्दात | ७८७४४७२७ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | ग. धरौटी मौज्दात | ६८०९११९ | | | | | |
| | घ. मर्मत सम्भार कोष मौज्दात | ६८०००० | | | | | |
| | ङ.प्रकोप कोष खाता मौज्दात | २०४३७७८ | | | | | |
| | च. आकस्मिक | १०१६७२९ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोष विपद मौज्दात | | | | | | |
| | छ. विविध खर्च खाता | ५६४५९४० | | | | | |
| | ज.लैंगिक हिंसा निवारण कोष | १००००० | | | | | |
| २ | **राजस्व (आन्तरिक आय)** | - | **७७५०४९३६.४** | | क. ऋण भुक्तानी | ० | ० |
| | क. आन्तरिक राजस्व | ६४४७५४२.९० | | | ख. ब्याज भुक्तानी | ० | ० |
| | ख. राजस्व बाँडफाँड | ७१०५७३९३.०५ | | | ग. अन्य भुक्तानी | ० | ० |
| | ग. अन्य आय | - | - | ४ | लगानी | ० | ० |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | | **३०२७८८७७९.९९** | | ऋण लगानी | ० | ० |
| | क. वित्तीय समानीकरण अनुदान | ९३६१०००० | | | गरिब संग विशेश्वर | | ६११००० |
| | ख. सशर्त अनुदान | १९८८२९१६८.७९ | | | आकस्मिक कोष खर्च | | ६६०६२३ |
| | ग. समपूरक अनुदान | ४९९८००० | | **५** | धरौटी फिर्ता | | १८५५८८५.९१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ. विशेष अनुदान | ५३५१६११.२० | | ६ | प्रकोप व्यवस्थापन कोष खर्च | | २६७३४५५.९७ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **२७५१८१४७.९** | ७ | विविध कोष खर्च | | ६९३००० |
| | क. वित्तीय समानीकरण अनुदान | ५३९०००० | | ८ | विविध खर्च खाता खर्च | | ५७५५२७४ |
| | ख. सशर्त अनुदान | ७७१८१२७.७६ | | | १५ शैया अस्पताल खर्च | | २४७९७८४१.२ |
| | ग. समपुरक अनुदान | ९४३४७४४ | | | सामाजिक सुरक्षा | - | १२००५०२३१ |
| | घ. विशेष अनुदान | ४९७५२७६.१४ | | ९ | शसर्त अनुदान फिर्ता भएको | २१४७५२२० | २१४७५२२० |
| **५** | | - | - | **१०** | शसर्त अनुदान फिर्ता गर्न बाकि | | |
| ६ | चालु आवामा प्राप्त | - | - | **११** | विविध खर्च खाता मौज्दात | | २६२४३४९ |
| | **विविध खर्च खातामा आय** | | **२७३३६८३** | १२ | धरौटी मौज्दात | | ८५४९५३५.५४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **प्रकोप व्यवस्थापन कोष आय** | | **५००००००** | **१३** | आकस्मिक कोष मौज्दात | | ३५९१७८.६० |
| | **विविध आय** | | **२५६७१४.३२** | | क.संचित कोष मौज्दात | | ६६९८८०५०.५६ |
| | **धरौटी आय** | | **३५९६३०२.४५** | | | | |
| | विविध कोष आय | | ३२६८२७४.३४ | | विविध कोष मौज्दात | | ३३५५२७४.३४ |
| ७ | सामाजिक सुरक्षा | | १२००५०२३१ | | प्रकोप व्यवस्थापन कोष मौज्दात | | ४३७०३२२.०३ |
| | | | | | | | |
| ८ | | | | | | | |
| | **सटही हुन बाकि चेकको दायित्व चालु** | | २१४७५२२० | | साट्न बाकि चेक चालु | | २१४७५२२० |
| ९ | गरिब संग विशेश्वर | | ६११००० | | | | |
| १० | **सटही हुन बाकि चेकको दायित्व पुजीगत** | | ९१७४६८५.१३ | | साट्न बाकि चेक पुजीगत | | ९१७४६८५.१३ |
| ११ | १५ शैया अस्पताल | | २४७९७८४१.२ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | अन्य विविध आय | | | | | | |
| १३ | फिर्ता गर्नु पर्ने अनुदानसंघ | | २१४७७२२० | | | | |
| १४. | फिर्ता गर्नु पर्ने अनुदान प्रदेश | | १३०६५९६ | | | | |
| | जम्मा | | **७१६५९९९२४.७३** | | **जम्मा** | | **७१६५९९९२४.७३** |

**सुत्रको वित्तीय विवरण-**

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५३,३७,३६,२९२.४० | ४१,५२,९२,६९८.७५ | | ४१,५२,९२,६९८.७५ | ४१,०२,५५,८५७.९६ | | ४१,०२,५५,८५७.९६ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ५१,६६,२६,८१९.०० | ४०,७८,११,८६३.८४ | ० | ४०,७८,११,८६३.८४ | ४०,७०,२८,१७५.४४ | ० | ४०,७०,२८,१७५.४४ |
| ११००० कर | ११ | ८,५२,५६,०००.०० | ७,१३,५३,५९२.४० | ० | ७,१३,५३,५९२.४० | ७,१८,५०,८७६.२८ | ० | ७,१८,५०,८७६.२८ |
| १३००० अनुदान | | ३७,१२,४४,०००.०० | ३३,२०,४१,४८७.८९ | ० | ३३,२०,४१,४८७.८९ | ३२,९५,८४,७२८.१३ | ० | ३२,९५,८४,७२८.१३ |
| संघीय सरकार | १२ | ३३,५३,५४,०००.०० | ३०,२७,८८,७७९.९९ | ० | ३०,२७,८८,७७९.९९ | २९,९७,१६,९१४.४१ | ० | २९,९७,१६,९१४.४१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | १२ | ३,४३,९०,०००.०० | २,७५,१८,१४७.९० | ० | २,७५,१८,१४७.९० | २,९८,६७,८१३.७२ | ० | २,९८,६७,८१३.७२ |
| जनसहभागिता | | १५,००,०००.०० | १७,३४,५६०.०० | ० | १७,३४,५६०.०० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | २३,६५,०००.०० | ४२,९४,६९२.५५ | ० | ४२,९४,६९२.५५ | ५५,९२,५७१.०३ | ० | ५५,९२,५७१.०३ |
| १५००० विविध प्राप्ति | | १,००,०००.०० | १,२२,०९१.०० | ० | १,२२,०९१.०० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | ५,७६,६१,८१९.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,७१,०९,४७३.४० | ७४,८०,८३४.९१ | | ७४,८०,८३४.९१ | ३२,२७,६८२.५२ | | ३२,२७,६८२.५२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,७१,०९,४७३.४० | ३५,९३,६८३.०० | ० | ३५,९३,६८३.०० | ७,००,०००.०० | ० | ७,००,०००.०० |
| धरौटी | | ० | ३८,८७,१५१.९१ | ० | ३८,८७,१५१.९१ | २५,२७,६८२.५२ | ० | २५,२७,६८२.५२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५३,३७,३६,२९२.४० | ४३,२७,६८,२६९.५५ | | ४३,२७,६८,२६९.५५ | ४७,०४,२८,२७८.३७ | | ४७,०४,२८,२७८.३७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५१,६६,२६,८१९.०० | ४२,११,३०,७७८.४५ | | ४२,११,३०,७७८.४५ | ४५,६९,८३,०४२.६८ | | ४५,६९,८३,०४२.६८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १९,२६,३२,६००.०० | १७,१२,७६,२४१.२२ | ० | १७,१२,७६,२४१.२२ | १८,०८,६२,८२०.४१ | ० | १८,०८,६२,८२०.४१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,६०,७०,३००.०० | १०,५०,७२,९७७.८० | ० | १०,५०,७२,९७७.८० | ८,२४,०९,४१७.४४ | ० | ८,२४,०९,४१७.४४ |
| २५००० सहायता (Subsidy) | १८ | १३,८७,१००.०० | १०,३२,०५०.०० | ० | १०,३२,०५०.०० | १५,००,०००.०० | ० | १५,००,०००.०० |
| २६००० अनुदान | १८ | २३,००,०००.०० | ० | ० | ० | ४३,९८,०००.०० | ० | ४३,९८,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ३१,७५,०००.०० | २८,५३,५५१.०३ | ० | २८,५३,५५१.०३ | ४१,३०,०००.०० | ० | ४१,३०,०००.०० |
| २८००० अन्य खर्च | १८ | ३,३४,६१,८१९.०० | ३,३०,७७,४२४.८७ | ० | ३,३०,७७,४२४.८७ | ४,७९,२५,९२७.२३ | ० | ४,७९,२५,९२७.२३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५,७६,००,०००.०० | १०,७८,१८,५३३.५३ | ० | १०,७८,१८,५३३.५३ | १३,५७,५६,८७७.६० | ० | १३,५७,५६,८७७.६० |
| घ. अन्य भूक्तानी | | १,७१,०९,४७३.४० | १,१६,३७,४९१.१० | | १,१६,३७,४९१.१० | ४७,०४,२८,२७८.३७ | | ४७,०४,२८,२७८.३७ |
| कोषहरु | | १,७१,०९,४७३.४० | ९७,८२,३५२.९७ | ० | ९७,८२,३५२.९७ | १,२६,२२,२२१.६९ | ० | १,२६,२२,२२१.६९ |
| धरौटी | | ० | १८,५५,८८५.९१ | ० | १८,५५,८८५.९१ | ८,२३,०१४.०० | ० | ८,२३,०१४.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -७४७.७८ | | -७४७.७८ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,७४,७५,५७०.८०) | | (१,७४,७५,५७०.८०) | (६,०१,७२,४२०.४१) | | (६,०१,७२,४२०.४१) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०,२२,६५,५४४.२८ | | १०,२२,६५,५४४.२८ | १२,६५,७४,२३४.६२ | | १२,६५,७४,२३४.६२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ८,४७,८९,९७३.४८ | | ८,४७,८९,९७३.४८ | ६,६४,०१,८१४.२१ | | ६,६४,०१,८१४.२१ |
| बैंक तथा नगद बाकी | २४ | | ८,४६,३९,९७३.४८ | | ८,४६,३९,९७३.४८ | ६,८०,८१,८१४.२१ | | ६,८०,८१,८१४.२१ |